# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १०] काठमाडौं, कार्तिक १५ गते २०१७ साल [ संख्या २७

श्री ५ को सरकार

गृह मन्त्रालय

नेपाल विशेष अदालत ऐन, २०१३ ( विशेष अदालत अध्यादेश २०१७ ले संशोधन गरेको रूपमा ) को दफा २, ३ र ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

निम्नलिखित व्यक्ति अध्यक्ष तथा सदस्य भएको उच्च अदालत स्तरको पश्चिम १ नम्बर विशेष अदालत नामको एक विशेष अदालत गठन गरिएको छ ।

श्रीदुर्गादत्त उपाध्याय .............. अध्यक्ष ।

श्रीविश्वनाथ अधिकारी .............. सदस्य ।

श्रीचूडामणिराजसिंह मल्ल .............. सदस्य ।

उक्त विशेष अदालतको इजलास मुकाम पश्चिम १ नम्बरको जुनसुर्क गाउँमा हुन सक्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पश्चिम १ नम्बरमा २०१६ साल आश्विनदेखि यता भएका अशान्तिको सिल–सिलामा लुटपीट तथा लेनदेन मुद्दाहरूको उजुरी रतत्सम्बन्धी विघटित पश्चिम १ नम्बर विशेष अदालतमा परेका मुद्दासमेत लिई कारवाई किनारा गर्ने गरी उक्त विशेष अदालतलाई सुम्पिएको छ ।

आज्ञाले–
प्रेमनरसिंह प्रधान,
श्री ५ को सरकारका सचिव
गृह मन्त्रालय

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।